## “देशको मुटु दुखेछ”



चिज कुमार श्रेष्ठ,
हेटौंडा

आज कता कता
देशको मुटु दुखेछ
सन्नाटाहरुमा स्याल भुकेछ

हिजो तल्लो गाउँकी सानी
सरकारको लागि
आंतककारी भइछिन्
त्यसैले सत्ताको तातो गोली
छातीमा लिइ सर्वाङ्ग भइ लडिछिन्

अस्ति पल्लो गाउँको ठूले
घाँस गर्न जंगल पसेथ्यो
आज निर्धक्कसँग घाँस होइन
बन्दुक बोकी लर्केको छ

विहानै तल्लो गाउँकी ठूली
खेतमा पानी लाउन झरेथिन्
उनले आत्माहत्या गरेको हठरिएछ
जवकी उनका साना भाइले
सवै कुकृत्य देखेछ
आफ्नी दिदीमाथि
गिद्धेनजर लगाउने
त्यो हवल्दार
त्यो उदण्डे काँइलो
अनि जंगे काजीको छोरा

उनको गवाइलाई
कसैले मानेनन्
सायद साना अनि
गरिवीको मार परेर होला
सत्यताको कदर भएन
बरु,
झुठा बयान दिने
बलवीरेको सुनवाई
भयो पञ्चहरुमाझ

हिजो मात्र विमानस्थलमा
उत्रेको मरुभूमिको लाहुरे पुनदाइलाई
माओवादी भनिने जथ्थाले अपहरण गरेछ
५००००रुपैया सहयोग भनि कसेछ
पुन दाइ रुनु न हाँस्नु भएछ
खाली हात बोकी घरतिर गएछ
बचेखुँचेको रकम बोकी लाहुरे दाइ
काठमाडौं किनमेल गर्न आएछ
विदेशी केमिकलले जलेको हात
कसरी पुलिसले देखेछ
तँ माओवादी होस् भनि
हिरासतमा थुनेछ

आज कता कता
देशको मुटु दुखेछ
सन्नाटाहरुमा स्याल भुकेछ
समाप्त

Response on chijkumar@hotmail.com
हालः साउदी अरेविया, रियाद